आज मिति २०८३/०५/१८ गते विहीवारका दिन बिहान ११:०० बजे यस बंगलाचुली गाउपालिकाका अध्यक्ष श्री तुलसीराम पुन मगरज्यूको अध्यक्षता एवं तपसिलको समुपस्थितिमा गाउँकार्यपालिका बैठक बसी तपसिल वमोजिमको प्रस्तावमाथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

| | |
|---|---|
| श्री तुलसीराम पुन मगर | अध्यक्ष |
| श्री भक्त बहादुर जी.सी. | उपाध्यक्ष |
| श्री विष्णु कवर | १ नं वडाध्यक्ष |
| श्री मैते पुन मगर | २ नं वडाध्यक्ष |
| श्री शोभाराज विश्वकर्मा | ३ नं वडाध्यक्ष |
| श्री डास बहादुर डाँगी | ४ नं वडाध्यक्ष |
| श्री लिला बहादुर घर्ति | ५ नं वडाध्यक्ष |
| श्री डोम बहादुर के.सी. | ६ नं वडाध्यक्ष |
| श्री गिर बहादुर थापा | ७ नं वडाध्यक्ष |
| श्री झबिन्द्र बहादुर गाहा मगर | ८ नं वडाध्यक्ष |
| श्री रमा कुमारी पुन मगर | कार्यपालिका सदस्य |
| श्री नारायणी गिरी | कार्यपालिका सदस्य |
| श्री चित्रा कुमारी दमाइ | कार्यपालिका सदस्य |
| श्री सुमा कुमारी घर्ति मगर | कार्यपालिका सदस्य |
| श्री गणेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री शबी राम कामी | कार्यपालिका सदस्य |
| श्री चन्द्रकान्त पौडेल (प्रमुख प्रशासकीय अधिकृत) | सचिब |

आमन्त्रित :

श्री नारायण प्रसाद आचार्य (वरिष्ठ लेखा अधिकृत, बंगलाचुली गाउपालिका)

श्री नुमाकान्त कालाथोकी (प्रशासकीय अधिकृत, प्रशासन शाखा प्रमुख)

प्रस्तावहरु :

१. अघिल्लो कार्यपालिका वैठकको समिक्षा सम्बन्धमा ।

२. भोटेकोशी नदीमा आएको वाढीको कारण सृजित विपदमा आवश्यक सहयोग सम्बन्धमा ।

३. मौसमजन्य विपदको कारण क्षतिग्रस्त सडकहरुको मर्मतसम्भार सम्बन्धमा ।

४. प्राथमिक स्वास्थ्य केन्द्र, स्यूजामा कार्यरत विजया रिजाललाई B.Sc. Nursing अध्ययनका लागि पूर्व स्विकृति प्रदान गर्ने सम्बन्धमा ।

५. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा ।

## २०८३ भाद्र १८ गते वसेको ८० औं गाउँ कार्यपालिका वैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं | प्रस्तावहरु | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | अघिल्लो कार्यपालिका वैठकको समिक्षा सम्वन्धमा । | अघिल्लो कार्यपालिका वैठकको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला वैठकहरुवाट भएका निर्णयहरु समिक्षा गर्ने। | पेश भए वमोजिम प्रस्ताव पारित गर्ने । |
| २. | भोटेकोशी नदीमा आएको वाढीको कारण सृजित विपदमा आवश्यक सहयोग सम्बन्धमा । | मिति २०८३/०५/१० गते भोटेकोशी नदीमा आएको वाढीका कारण व्यापक जनधनको क्षति भएकोले उक्त विपदमा गाउँपालिकाको तर्फवाट आवश्यक सहयोग गर्नुपर्ने भएकोले । | भोटेकोशी नदीमा आएको वाढीका कारण उद्धार, राहत तथा पुनर्स्थापनामा सहयोग गर्नको लागि गाउँपालिका कार्यालयको विपद व्यवस्थापन कोषवाट रु. ५०००००/ (पाँचलाख मात्र) प्रधानमन्त्री दैवीप्रकोप राहतकोषमा जम्मागरी सहयोग गर्ने । | पेश भए वमोजिम प्रस्ताव पारित गर्ने । |
| ३. | मौसमजन्य विपदको कारण क्षतिग्रस्त सडकहरुको मर्मतसम्भार सम्बन्धमा । | मौसमजन्य विपदको कारण क्षति भएका मुख्य सडकहरुमा यातायात सुचारु गर्नुपर्ने भएकोले । | मौसमजन्य विपदको कारण बंगलाचुली गाउँपालिका क्षेत्रभित्र क्षति भएका मुख्य सडकहरुमा यातायत सुचारु हुनेगरी मर्मतसम्भार गर्ने। | पेश भए वमोजिम प्रस्ताव पारित गर्ने । |
| ४. | प्राथमिक स्वास्थ्य केन्द्र, स्यूजामा कार्यरत विजया रिजाललाई B.Sc. Nursing अध्ययनका लागि पूर्व स्विकृति प्रदान गर्ने सम्बन्धमा । | प्राथमिक स्वास्थ्य केन्द्र, स्यूजामा कार्यरत विजया रिजालले चिकित्सा शिक्षा आयोग, सानोठिमी भक्तपुरवाट प्रकाशित सूचना वमोजिम चिकित्सा शिक्षा स्नातक तहको एकिकृत प्रवेश परीक्षा (MECEE-BL 2027) अन्तर्गत संचालन हुने B.Sc. Nursing अध्ययनका लागि इच्छुक भई पूर्व स्विकृति माग गरेकोले। | प्राथमिक स्वास्थ्य केन्द्र, स्यूजामा कार्यरत सिअनमी पाँचौ श्री विजया रिजाललाइ B.Sc. Nursing अध्ययनका लागि पूर्व स्विकृति प्रदान गर्ने । | पेश भए वमोजिम प्रस्ताव पारित गर्ने । |
| ५. | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा । | बंगलाचुली गाउँपालिका वडा नं ७ निवासी एच.एस.एस. मल्टिपर्पोज कम्पनीका संस्थापक होताराम खत्रीले घ वर्गको निर्माण व्यवसायी इजाजतपत्रको लागि निवेदन पेश गरेकोले । | बंगलाचुली गाउँपालिका वडा नं ७ निवासी एच.एस.एस. मल्टिपर्पोज कम्पनीलाइ घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने । | पेश भए वमोजिम प्रस्ताव पारित गर्ने । |

प्रमुख प्रशासकिय अधिकृत